# दुधमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

**दार्मा गाउँपालिका, सल्यान**

**कर्णाली प्रदेश**

**नेपाल**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड -६, सङ्ख्या : ११ मिति : २०७९/०९/२०

## भाग -२

# दार्मा गाउँपालिका

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०९/२०

प्रमाणिकरण मिति :२०७९/०९/२६


## दुधमा अनुदान कार्यक्रम कार्यान्वयन कार्याविधि २०७९

दार्मा गाउँपालिकाको निर्वाहमुखि तथा अर्थ व्यवसायिक रुपमा रहेको दुग्ध व्यवसायलाई व्यवस्थित,व्यवसायिक बमनाउँदै स्वच्छ , स्वस्थ एवं गुणस्तरीय दुग्धजन्य उत्पादनहरु आम जनता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजना गर्न तथा आम्दानीको श्रोतको रुपमा विकास गर्न संचालन हुने दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चित विधि र प्रक्रियाबाट संचालन गरी एक रुपता कायम गर्न आ.व.२०७९/०८० को स्विकृत बार्षिक कार्यक्रमलाई सरल, सहज, पारदर्शी एवं प्रभावकारी ढंगले संचालन गर्न वान्छनीय भएकोले दार्मा गाउंपालिका, पशु सेवा शाखाले दुधमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ बनाइएको छ ।

**परिच्छेद-१**

१-संक्षिप्त नाम र प्रारम्भ

१-यो कार्यविधिको नाम "दुधमा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ रहेको छ ।

२.यो कार्यविधि दार्मा गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालयबाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

२.**परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविबधिमाः

क "गाउँपालिका " भन्नाले दार्मा गाउँपालिका सल्यालन सम्झनु पर्नेछ ।

ख) "शाखा " भन्नाले पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ग) " कार्यालय" भन्नाले दार्मा गाउँपालिका, पशु सेवा शाखा सम्झनु पर्नेछ ।

घ) " सम्बन्धित कार्यालय" भन्नाले दार्मा गाउँपालिका, पशु सेवा शाखा सम्झनु पर्नेछ ।

ङ) "समुह "भन्नाले यस कार्यविधि अन्तर्गत रही दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रा संचालन गर्न विधिवत रुपमा गठन/ दर्ता भएको कम्तीमा १५ देखी २५ जना सदस्य रहेको समुहलाई सम्झनु पर्दछ ।

च) "सहकारी"भन्नाले सहकारी ऐन २०७४ अनुसार गठन भएको सहकारी सम्झनुअ पर्दछ ।

छ) "साझेदारी" भन्नाले दुग्ध व्यवसाय प्रर्वद्धन कार्यक्रम लागत सहभागितामा संचालन गर्नका लागी ईच्छुक स्थानीय तह,गैह्र सरकारी क्षेत्र, नीजि क्षेत्र, कृषक व्यवसायी सम्झनु पर्दछ ।

ज) "साझेदारी" भन्नाले दुग्ध व्यवसाय प्रर्वद्धन कार्यक्रम संचालनका लागी दुई वा दुई भन्दा बढी सरकारी निकायहरु वा एवं गैह्र सरकारी क्षेत्र विच द्विपक्षिय/बहुपछिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

झ) "दुध" भन्नाले स्वस्थ गाई भैसीको थुनबाट दुहेको र स्वाभाविक अवस्थाको स्वच्छ ताजा श्रावलाई सम्झनु पर्दछ।

ञ) "दुग्धजन्य पदार्थ" भन्नाले अप्रशोधित अर्धप्रशोधित वा प्रशोधित दुध र सोबाट बनेका परिकारहरु सम्झनु पर्दछ ।

ट) "दुग्ध व्यवसाय" भन्नाले दुध तथा दुग्धजन्य पदार्थ उत्पादन संकलन, चिस्यान, ढुवानी, प्रशोधन, भण्डारण तथा विक्रि वितरण गर्ने सबै व्यवसाय सम्झनु पर्दछ ।

**३. उद्देश्यहरुः**

क) स्वच्छ एवं गुणस्तरीय दुध तथा दुग्धजन्य पदार्थको उत्पादन प्रशोधन विविधिकरण र विक्रि वितरण तथा उपलव्धता सुनिश्चत गर्न सघाउ पुर्याउने।

ख) दुग्ध उत्पादन पकेटहरुलाई व्यसायसँगको आवद्धता प्रदान गर्दै दुध तथा दुग्धजन्य उत्पादनको व्यवसायिकिकरणमा टेवा पुर्याने।

ग) व्यवसाय संजालको विकास एवं व्यवस्थित व्यवसाय सूचना प्रणालीको विकास गर्ने ।

घ) दुध तथा दुग्धजन्य पदार्थका उत्पादक व्यापारी व्यवसाय र आम उपभोक्ताको दक्षता र चेतना अभिवृद्धिमा ।

ङ) दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु निश्चतथ विधि र प्रक्रिया अन्तर्गत गर्न एकरुपता राखी संचान गर्ने ।

४) **छनौट समितिको गठनः** देहायानुसारको पदाधिकारी रहने गरी प्रत्येक कार्यालयमा प्रस्तावना छनौट समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख. आर्थिक विकास समितिको संयोजक | सदस्य |
| ग. लेखा शाखा प्रमुख | सदस्य |
| घ. कृषि विकास शाखा प्रमुख | सदस्य |
| ङ. पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

**५. कार्यक्रम संचालनका लागी छनौटका आधारहरुः**

क) प्रस्तावित कार्यक्रमका लागी योग्यता पुगेका प्रस्तावकहरुको हकमा सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिमको निकायमा विधिवत रुपमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नंबर प्राप्त गरेको, गत आ.व. को लेखा परिक्षण भएको साथै व्यवसायिक फर्मको हकमा लेखापरिक्षण समावेश हुनु पर्ने र कुनै कारवाहीमा नपरेको हुनुपर्नेछ।

**६. कार्यक्रम संचालन प्रकृयाः**

क) दार्मा गाउँपालिको पशु सेवा शाखाले अनुसुची २ बमोजिम दरखास्त आह्वान गर्नेछ ।

ख) अनुदान प्राप्त गर्न मापदण्ड पुरा गरेका ईच्छुक दध संकलन तथा विक्रि वितरण गरीरहेका सहकारी, फार्म, समुहहरुले सम्वन्धित पालिकाको पशु सेवा शाखामा प्रस्ताव पेश गर्नु पर्नेछ।

ग) प्राप्त निवेदनहरु उपर पशु सेवा शाखाले फिल्ड अनुगमन गरेपछि छनौट समितिमा पेश गर्नुपर्नेछ ।

घ) पशु सेवा शाखा छनौट समितिले पेश भएका विवरणका आधारमा छनौट गर्नुपर्नेछ।छनौट भएका दुग्ध सहकारी/समुह/दुग्ध फार्म अन्तर्गतका कृषकहरुलाई दार्मा गाउँपालिकाले दुधको प्रतिलिटर रु.२.५०।दरले अनुदान रकम उपलव्ध गराउँनेछ।

**७ .सेवा संचालन प्रकृयाः** यस कार्यक्रम बमोजिमको सेवा संचालन गर्ने प्रकृया देहाय बमोजि हुनेछ ।

क) दार्मा गाउँपालिका, पशु सेवा शाखा र छनौट भएका दुग्ध उत्पादन समुह/सहकारी /फार्महरु विच अनूसुची-४ अनुसार सम्झौता गरिनेछ।

ख) अनुदान प्राप्त गर्न छनौट भएका समुह/समिति/फार्मलाई दार्मा गाउँपालिकाले बैंक चेक माफर्त वा खातामा रकम भूक्तानी गर्नुपर्नेछ ।

**८. अनुगम, मूल्याङन तथा प्रतिवेदन सम्वन्धी व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन गाउँपालिका, पशु सेवा शाखा र वडामा रहेका पशु सेवा केन्द्र तथा वडा कार्यालयले गरी सोको प्रगति प्रतिवेदन गाउंपालिकाको पशु सेवा शाखामा पठाउँनुपर्नेछ ।

**९. अनुदानको भुक्तानीः** १-अनुदान प्राप्त गर्न छनौट भएका कृषकहरुलाई दार्मा गाउँपालिकाले बैंक चेक मार्फत भुक्तानी गर्नुपर्नेछ।

२. अनुदानरकमको भुक्तानी कार्यविधि वा सम्झौता पत्रमा उल्लेख भएको हकमा सोही बमोजिम हुनेछ।

**१०.थपघट तथा हेरफेर गर्न सक्नेः**

१. यो कार्यविधिहलाई व्यवस्थित तथा प्रभावकारी बनाउँन दार्मा गाउँपालिकाको कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधि थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्ठता आएमा त्यस्तो बाधा अवरोध फुकाउँने प्रयोजनका लागी गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

अनुसूची -२

(दफा ४ को उपदफा २ सँग सम्वन्धित)

.....................................कार्यक्रमका लागी प्रोत्साहन अनुदान प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

यस कार्यालयको ....................................................................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ................................ अनुदान रकम उपलव्ध गराउंने कार्क्रम रहेको हुँदा ....................................कृषि तथा पशुपालन व्यवसाय एवं सहकारी सम्वन्धी संलग्न ईच्छुक कृषक समूह, कृषि सहकारी ,उद्यमी ,निजी फर्म व्यसायीबाट दरखास्त आव्हानको लागी यो सूचना प्रकाशन भएको छ ,सूचना प्रथम पटक प्रकाशन भएको मितिले ................ दिन

भित्र यस कार्लयमा तपसिल अनुसाररकरा कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएहको छ ।यसअ सम्वन्धी थप जानकारीका लागी पशु सेवा शाखामा सम्पर्क गर्न सकिने छ।

**आवश्यक कागजातहरु**

१.संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
२.कृषि व्यवसाय गर्ने अनुसुची ३ अनुसारको प्रस्तावना
३.निजी फर्मको हकमा गत आ.ब.को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन प्रतिलिपी
४.निजी फर्मको हकमा गत आ.ब.सम्म कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालायको प्रमाण
५.जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलि
६.प्रतिवद्धता पत्र
७.आयोजना सम्वन्धी अन्य आवश्यक कागजातहरु

अनुसूची-३

दफा ४ को उपदफा २ सँग सम्वन्धित)

मितिः

विषयः अनुदान उपलव्ध गराइदिनुहन ।

श्री............................................. ज्यू
दार्मा गाउँपालिका
फारुलाचौर सल्यान

महोदय,

तहाँ कार्यालयबाट मिति ................................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको .........................................................कार्यक्रमकोउद्देश्य,लागत,समयावधी,लाभान्वित जनसंख्या लगायतको विवरण

तपसिलमा उल्लेख गरिएको छ। कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलव्ध गराइदिनुहन अनुरोध गर्दछु।

तपसिलः

अनुदानग्राहीको नामः

ठेगानाः स्थानीय तहः

वडानं. कार्यक्रमको नामः

कार्यक्रमको उद्देश्यः

अनुदान रकम आवश्यक पर्नुको कारणः

सञ्चालन गरिने कार्यक्रमः

क्रमागत भए गत आ.व.सम्मको लेखापरिक्षण प्रतिवेदनः

कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः

कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः

कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवेदक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक

अध्यक्ष/ प्रितिनिधिको दस्तखतः

नाम/थरः

पदः

सम्पर्क फोन नं.

मितिः

संस्थाको छाप

अनुसूची-४

**(दफा ९ को उपदफा १ सँग सम्वन्धित)**

**सम्झौता ढाँचा**

यो सम्झौता पत्र................./मन्त्रालय/कार्यलय/केन्द्र(यस पछि पहिलो पक्ष भनिएको) र............कृषि फार्म/उद्यमी कृषक....................................गा.पा./न.पा.................................वडानं..........टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालन गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति......................देखी प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्विकृत प्रस्तावना/इस्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति..............साल.......महिना........गतेसम्म गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको.......................................कार्यक्रम सञ्चालन सम्वन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

२. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागी पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु......................(अक्षरेपी..........................) र दोस्रो पक्षको लागत सहभागिता रु................(अक्षरेपी) व्यहोरिने छ ।

३. दोस्रो पक्षले सम्झौता बमोजीमको ..................................................कार्यक्रम अन्तर्गत .......................................... व्यवसाय/उद्यम सञ्चालनका लागी सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी,गैह्र सरकारी संघसंस्थाबाट सहयोग,अनुदान आदी प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनुपर्ने ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले.........................कार्यक्रम अन्तर्गत.................................व्यवसाय सञ्चालन सम्वन्धित कार्यको सार्वजनिक जानकारीका लागी लेखापरिक्षण गराउनुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धीत दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानिनोक्सानी भएमा त्यसको सम्पुर्ण जिम्मेवारी दोस्रो पक्षले लिनुपर्ने छ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम........................मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/ इष्टिमेट अनुसार) पूर्णरुपमा सम्पन्न गरी सञ्चानमा ल्याउनेछ ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्वन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१०. कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हनुपर्ने विषयहरु

११. कार्यक्रमसंग प्रासङ्गिक अन्य विषयहरु (आवश्यक भएमा)

१२. कार्क्रमको विस्तृत ल.इ.डिजाइन संलग्न बमोजिम हुनेछ ।

१३. भुक्तानी हुने खाता नम्वरः

खाता नम्वरः

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐननिएम अनुसार हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

**रोहवर**

| | |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |

मितिः मितिः

मितिः२०७९/............महिना..........गते

आज्ञाले,
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत